## सिलीचोङ गाउँपालिका
## गाउँ कार्यपालिका कार्यालय

**स्थानीय राजपत्र**

**खण्डः ७, संख्याः २, मितिः २०८० असार ६ गते**


**भाग-२**

# "सिलीचोङ गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू-२०८०"

भू-उपयोग ऐन, २०७६ तथा भू-उपयोग नियमावली, २०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार सिलीचोङ गाउँपालिका क्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनको लागि भू-उपयोग ऐन, २०७६ को दफा (५) को उपदफा (४) वमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ।

१. हालको उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी विभागवाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र वमोजिम नै वर्गीकरण गर्ने।

२. जोखिम लगायत अन्य सम्वेदनशील क्षेत्रको जग्गालाई नापी विभागवाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र वमोजिम नै वर्गीकरण गर्ने।

३. यस अघि नापी विभागवाट आवासिय, व्यवसायिक र औधोगिक क्षेत्रमा विभाजन भएको जग्गालाई स्थानीय आवश्यकता अनुकुल भए सोही क्षेत्रहरुमा वर्गीकरण गर्ने। तर गाउँपालिकाले आवश्यक र उपयुक्त देखेमा परिमार्जन गर्न सक्ने ।

४. सरकारी, सार्वजनिक तथा समुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा (सेवा प्रदान गर्ने सरकारी कायार्लयहरु समेत) लाई सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण गर्ने।

५. हाल उपयोगमा रहेका नदीनाला, ताल, तलैया, पोखरी (व्यक्तिको निजी पोखरी बाहेक) लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी, खोला, ताल तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने।

६. स्थानीय तहबाट स्वीकृती प्राप्त गरी खानी तथा खनिजजन्य पदार्थहरु जस्तै ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने।

७. हाल कायम सवै किसिमका बन पैदावर क्षेत्र (निजी जग्गामा भएको बाहेक) लाई वन वर्गीकरण गर्ने।

८. हाल उपयोगमा रहेका मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेका खाली जग्गा, परापुर्वकाल देखिका ऐतिहासिक धरोहर, साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई साँस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने।

९. अनुसुचि-१ मा उल्लेखित प्रत्येक वडाबाट गरिएका निर्णयहरु बमोजिम सम्बन्धित वडाको सिमाना भित्र रहेको जग्गाहरुलाई उक्त निर्णयहरु बमोजिम भू-उपयोग क्षेत्रहरुमा वर्गीकरण गर्ने ।

१०. सडकको दाँयावायाँ परेका कित्ता जग्गाहरु लगत कट्टा नभएर सडकको अधिकारक्षेत्र भित्र परेर सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण भएको देखिएतापनि त्यस्ता कित्ताहरु त्यसको साँध सिमानामा रहेका कित्ताहरु जुन क्षेत्रमा (आवासिय/कृषि) वर्गीकरण गरिएका छन् त्यहि क्षेत्रमा वर्गीकरण गरेको मानिने ।

११. कुनै कित्ता दुई वा दुई भन्दा बढी क्षेत्रमा परेको खण्डमा निम्न प्राथमिकताक्रम बमोजिम कुनै एक क्षेत्रमा वर्गीकरण गर्ने ;

क) व्यवसायिक क्षेत्र

ख) आवासिय क्षेत्र

ग) कृषि क्षेत्र

घ) औधोगिक क्षेत्र

ङ) सार्वजनिक उपयोगको क्षेत्र ।

१२.भू-उपयोग वर्गीकरणको कार्य कार्यान्वयन जाँदा वर्गीकरण सम्बन्धि आधारहरु थप गर्नु आवश्यक परेमा स्थानिय भू-उपयोग परिषदले यस “भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु-२०८०” लाई तुरुन्तै संशोधन गर्न सक्नेछ ।

यो मापदण्ड सिलीचोङ गाउँपालिकाको भू-उपयोग परिषदवाट मिति ............मा पारित गरिएको हो भनी प्रमाणित गर्नेः

दस्तखतः .........................

नाम,थरः भुपाल राज राइ

दर्जाः अध्यक्ष मितिः .............................

सिलीचोङ गाउँपालिका

## अनुसुचि-१

## भू-उपयोग वर्गिकरण सम्बन्धमा वडाहरुले गरेका निर्णयहरु

### वडा नम्बर १

१. चित्रे छेत्र वरिपरिको जग्गाहरु आवासीय क्षेत्र ।

२. तिवाटार क्षेत्रको ६८५ नम्वर कित्ता आवासीय क्षेत्र ।

३. बाखल्तम छेत्र वरिपरिको जग्गाहरु आवासीय क्षेत्र ।

४. सिकेमटार छेत्र वरिपरिको जग्गाहरु आवासीय क्षेत्र ।

५. होएङला माथि टुप्पोमा रहेका जग्गाहरु आवासीय क्षेत्र ।

### वडा नम्बर २

१. सिलीचोङ गाउँपालिका वडा नम्बर २ भित्रको साविक वडा नम्बर १ को टार वरिपरिको जग्गा आवासीय क्षेत्र ।

२. हालको वडा नम्बर २ कार्यालयको आसपासको क्षेत्र आवासीय क्षेत्र ।

३. साविक वडा नम्बर १ को तेयुङ मा.वि. आसपासको क्षेत्र आवासीय क्षेत्र ।

४. साविक वडा नम्बर ७ को यामदाङ आसपासको क्षेत्र आवासीय क्षेत्र ।

५. साविक ३ नम्बर वडाको डाँडा सामुदायिक भवन आसपासको क्षेत्र आवासीय क्षेत्र ।

६. वडा नम्बर २ को बाला मा.वि आसपासको जग्गाहरु आवासीय क्षेत्र ।

### वडा नम्बर ३

१. हालको वडा नम्बर ३ भित्रको साविक वडा नम्बर १ भित्र व्यक्तिको नाममा रहेका सम्पुर्ण जग्गाहरु आवासीय क्षेत्र ।

२. वडा नम्बर २ को सम्देल गाउँदेखि गाउँपालिका भवनसम्म सडकले छोएका सबै कित्ताहरु आवासीय क्षेत्र ।

३. साविक ४ नम्बर वडाको वडा भवन आसपासको जग्गाहरु आवासीय क्षेत्र ।

४. राष्ट्रिय निकुञ्जको कार्यालय वरिपरिको जग्गाहरु आवासीय क्षेत्र ।

५. साविक ४ नम्बर वडा पुनर्वास, खुङ्वा, मानेटार, नागीटार आसपासको जग्गाहरु आवासीय क्षेत्र ।

६. साविक वडा नम्बर ७ जाने सडक साँधिखोला देखि सारफेवा खोल्सा सम्म जाने सडकले छोएका कित्ताहरुलाई आवासीय क्षेत्र ।

७. साविक वडा नम्बर ८ को याचम्खा ठाउँ वरिपरि र साविक वडा नम्बर ३ को मागुवा आसपासको क्षेत्रलाई खानी तथा खनिज क्षेत्र ।

८. निल गुफा, उगेर्ने नाम्डुई, छेइलिङ गुम्बा, माने, खेम्पालुङ्ग गुफा, सिंहदेवी मन्दिर सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र ।

### वडा नम्बर ४

१. जिवन ज्योति मा.वि आसपासको जग्गाहरु आवासीय क्षेत्र ।

२. वडा कार्यालय आसपासको जग्गाहरु आवासीय क्षेत्र ।

### वडा नम्बर ५

१. श्री महेश्वरी मा.वि. तथा वडा कार्यालय वरिपरिका जग्गाहरु आवासीय क्षेत्र ।

सिलीचोङ गाउँपालिका

२. मुलगाउँ वरिपरिका जग्गाहरु आवासीय क्षेत्र ।

३. भाडी खोल्सी दोभान, छेबुङमा दोभान र पुखुवा दोभान खानि तथा खनिज क्षेत्र ।

आज्ञाले:
नामः भद्र बहादुर राई
पदः प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका